नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय
उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति
काठमाडौं

# जेहेन्दार विद्यार्थी पुरस्कार सम्बन्धी निवेदन माग गरिएको सूचना

यस विकास समितिद्वारा चालु आ.व. ०७३/०७४ को वार्षिक कार्यक्रम अन्तर्गत २०७२ सालको S.L.C. (प्रवेशिका) परिक्षा उतिर्ण गरेका दलित समुदायका छात्र/छात्राहरु मध्यबाट सरकारी/सामुदायिक विद्यालयतर्फका नेपाल प्रथम २ जना तथा विकास क्षेत्र प्रथम १० जना र निजि विद्यालयतर्फका नेपाल प्रथम २ जना तथा विकास क्षेत्र प्रथम १० जना समेत जम्मा २४ जनालाई जेहेन्दार दलित विद्यार्थी छनौट गरी सम्मान तथा पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेकोले तपसिलमा उल्लेखित विवरण अनुसारको कागजात संलग्न गरी यो सूचना प्रकाशित मितिले ३० दिनभित्र यस विकास समितिको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । साथै म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरासमेत सूचित गरिन्छ ।

**पेश गर्नु पर्ने कागजातहरुः**

- निवेदन, पासपोर्ट साईजको फोटो २ प्रति, अभिवावकको नाम, थर, अस्थायी र स्थायी ठेगाना साथै निवेदकलाई सम्पर्क गर्न सकिने फोन नम्बर अनिवार्य उल्लेख गर्नु पर्ने ।
- शैक्षिक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि ( निवेदक कम्तीमा प्रथम श्रेणीमा A ग्रेड ल्याई उत्तीर्ण भएको हुनुपर्ने)
- निवेदकको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा सो नभए आफ्नो बुवा/आमा को नागरिकताको प्रमाणित प्रतिलिपि ।
- निवेदकको शैक्षिक प्रमाणपत्र, नागरीकता वा निजको बाबु/आमाका नागरीकतामा दलित समुदायको भनी स्पष्ट नखुलेमा सम्बन्धित निकायबाट जात खुलेको सिफारीस पत्र ।

**पत्राचारको लागि ठेगाना**

**उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति,**
**पोष्ट बक्स नम्बर ८९११, कोटेश्वर, तिनकुने, काठमाण्डौ ।**

अन्य बिस्तृत जानकारीका लागि यस विकास समितिको कार्यालय वा टेलिफोन नं.४-४८२७१७ र फ्याक्स नं.४४८०६०८ मा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।